# आकाशवाणी समाचार- नेपाली

मितिः १५ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. गुरु नानक जयन्ती आज स्वदेश तथा विदेशमा धार्मिक हर्षोल्लासका साथ मनाइँदैछ। राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखरले गुरु नानक देवको प्रकाश पर्वको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।

२. जनजाति गौरव दिवसको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहारको जमुईको भ्रमण गर्नु हुनेछ।

३. भारतले आज पश्चिम अफ्रिकी देश नाइजेरियालाई विनाशकारी बाढीको प्रभावसँग लड्न मद्दत गर्न 15 टन मानवीय सहायता पठाएको छ।

४. क्रिकेटमा चौथो तथा अन्तिम टी–२० अन्तर्राष्ट्रिय खेल भारत र दक्षिण अफ्रिकाबीच आज जोहानेसबर्गको वान्डरर्स स्टेडियममा खेलिने छ।

**गुरु नानक जयन्ती**

गुरु नानक जयन्ती अर्थात गुरु पर्व आज स्वदेश तथा विदेशमा धार्मिक हर्षोल्लासका साथ मनाइँदैछ। यो सिख धर्मको पहिलो गुरु, गुरु नानक देव जी को जन्मको प्रतिक हो , जसले सिख धर्मको आधार राख्नु भयो। यस वर्ष गुरु नानक देव जीको ५५५ औँ जन्मजयन्ती मनाइँदैछ। यस दिन विश्वभरका भक्तजनहरूले विशेष प्रार्थना गर्छन्।

****** ० ******

**राष्ट्रपति- गुरु नानक**

राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखरले गुरु नानक देवको प्रकाश पर्वको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।राष्ट्रपतिले आफ्नो सन्देशमा गुरु नानक देवले प्रेम, भ्रातृत्व, त्याग र बलिदानका जीवनमूल्यमा जोड दिएको बताउनु भएको छ। उहाँको शिक्षाले नैतिक मूल्यमान्यतालाई मार्गदर्शन गर्ने र सामाजिक दायित्व निर्वाह गर्दै अध्यात्मको बाटोमा हिड्ने सन्देश दिन्छ। उपराष्ट्रपति जगदीप धनखरले आफ्नो सन्देशमा गुरु नानक देवको जीवनले मानवताको सेवाको सन्देश दिँदै सत्य, एकता र भ्रातृत्वको मार्गमा हिँड्न प्रेरित गरेको बताउनु भएको छ।

****** ० ******

**सिख तीर्थयात्री पाक**

गुरु नानक देवको ५५५ औँ जन्मजयन्तीको समारोहमा सहभागी हुन आज भारतबाट २५५० भन्दा बढी सिख तीर्थयात्री लाहोर पुगेका छन्। Evacuee Trust Property Board (ETPB) सचिव फरीद इकबाल, अतिरिक्त सचिव श्राइन सैफुल्लाह खोखर र पाकिस्तान सिख गुरुद्वारा व्यवस्थापन समिति (PSGPC) का अध्यक्ष र पंजाबमा मरियम नवाजको क्याबिनेटमा अल्पसंख्यक मन्त्री रमेश सिंह अरोराले तीर्थयात्रीहरूलाई वाघा सीमामा स्वागत गर्नुभयो। उहाँले तीर्थयात्रीको सुरक्षाका लागि असाधारण सुरक्षा व्यवस्था मिलाइएको बताउनु भयो। ईटीपीबीका प्रवक्ता गुलाम मोहिउद्दीनले पत्रकारहरूलाई बताए अनुसार 2,559 भारतीय सिखहरू विशेष रेलहरू मार्फत आज लाहोर पुगेका थिए। बाबा गुरु नानकको जन्मजयन्ती मनाउने मुख्य कार्यक्रम भोलि लाहोरबाट ८० किलोमिटर टाढा ननकाना साहिबको गुरुद्वारा जन्मस्थानमा हुनेछ।

**पीएम- आदिवासी**

जनजाति गौरव दिवसको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहारको जमुईको भ्रमण गर्नु हुनेछ। प्रत्येक वर्ष नोभेम्बर १५ मा भगवान बिरसा मुण्डको जन्मजयन्तीको सम्झनामा आदिवासी गौरव दिवस मनाइन्छ। भगवान बिरसा मुण्डको १५० औँ जन्मजयन्ती आजदेखि सुरु हुँदैछ। यस अवसरमा प्रधानमन्त्री मोदीले भगवान बिरसा मुन्डाको सम्मानमा एक स्मारक सिक्का र हुलाक टिकट जारी गर्नु हुनेछ। उहाँले ग्रामीण तथा दुर्गम क्षेत्रका आदिवासी समुदायको विकासका लागि रु ६ हजार ६ सय ४० करोडभन्दा बढीको विकास परियोजनाको शिलान्यास गर्ने कार्यक्रम छ।यसैक्रममा श्री मोदी प्रधानमन्त्री जनजाति न्याय महाअभियान अन्तर्गत बनेका

११ हजार घरको गृह प्रवेश समारोहमा पनि सहभागी हुनु हुनेछ। उहाँले जनमन र धरती आबा आदिवासी गाउँ उत्कर्ष अभियान अन्तर्गत २३ वटा मोबाइल मेडिकल युनिटको उद्घाटन गर्नुहुनेछ । श्री मोदीले आदिवासी उद्यमशीलता र जीविकोपार्जनलाई बढावा दिन तीन सय वन धन विकास केन्द्रहरूको पनि उद्घाटन गर्नु हुनेछ। यस अवसरमा आदिवासी विद्यार्थीका लागि १० एकलव्य नमूना आवासीय विद्यालयको पनि उद्घाटन गरिने छ । मध्य प्रदेशको छिन्दवाडा र जबलपुरमा दुई जनजाति स्वतन्त्रता सेनानी संग्रहालय र जम्मू कश्मीरको श्रीनगर र सिक्किमको गंगटोकमा दुई जनजाति अनुसन्धान संस्थानको पनि उद्घाटन गरिनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले आदिवासी क्षेत्रमा सडक सम्पर्क बढाउन पाँच सय किलोमिटर नयाँ सडकको शिलान्यास गर्ने कार्यक्रम छ । प्रधानमन्त्री जनमन योजना अन्तर्गत एक सय बहुउद्देश्यीय केन्द्रहरू पनि खोलिनेछन्। श्री मोदीले 25 अतिरिक्त एकलव्य मोडेल आवासीय विद्यालयहरूको पनि शिलान्यास गर्नु हुनेछ।

****** ० ******

## प्रधानमन्त्री-बोडोल्याण्ड महोत्सव

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा पहिलो बोडोल्याण्ड महोत्सवको उद्घाटन गर्नुहुनेछ। दुई दिने यो महोत्सव भाषा, साहित्य र संस्कृतिमा आधारित कार्यक्रम हो। यसले बोडोल्याण्डमा मात्र नभई असम, पश्चिम बंगाल, नेपाल र उत्तर-पूर्वको अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा बसोबास गर्ने आदिवासी बोडोहरूलाई एकीकृत गर्ने लक्ष्य राखेको छ।बोडोल्याण्ड महोत्सवको विषय समृद्ध भारतको लागि शान्ति र सद्भाव हो। महोत्सवको माध्यमबाट बोडोल्याण्डको सांस्कृतिक तथा भाषिक सम्पदा, पर्यावरणीय जैविक विविधता र पर्यटनलाई लाभ मिल्नेछ । बोडो शान्ति सम्झौता २०२० मा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा हस्ताक्षर भएको थियो। यो शान्ति सम्झौताले बोडोल्याण्डमा दशकौं लामो द्वन्द्व र हिंसाको अन्त्य गर्‍यो।

****** ० ******

## पीएम मोदी - भाजपा कार्यकर्ता

प्रधानमन्त्री नरेन्द्र मोदीले 'मेरा बूथ-सबसे मजबूत' कार्यक्रम अन्तर्गत महाराष्ट्रमा पार्टी कार्यकर्ताहरूसँग कुराकानी गर्नु हुनेछ। एक्समा एक पोस्ट गर्नुहुँदै, श्री मोदीले महाराष्ट्र विधानसभा चुनावमा बीजेपीको विजय सुनिश्चित गर्न मैदानमा अथक परिश्रम गरिरहेका भाजपा कार्यकर्ताहरूसँग कुराकानी गर्न पाउँदा आफू उत्साहित भएको बताउनु भयो। शनिबार बिहान ११ः३० बजे हुने यस अनलाइन वार्तामा एक लाखभन्दा बढी पार्टी कार्यकर्ता सहभागी हुने अपेक्षा गरिएको छ । प्रधानमन्त्रीले मतदानको दिन नजिकिँदै गर्दा पार्टी कार्यकर्ताको उत्साह बढाउनेमा ध्यान दिनु हुनेछ, पार्टीका कार्यकर्ताहरूले http://narendermodi.in/mbsmmh लिंकमा आफ्ना सुझाव र जिज्ञासाहरू राख्न सक्नेछन्।

****** ० ******

## दुबई - एस. जयशंकर

एकदिने औपचारिक भ्रमणमा युएई जानु भएका बिदेशमन्त्री डा. जयशंकरले हिज दुबई नलेज पार्कमा सिम्बायोसिस इन्टरनेशनल युनिभर्सिटीको पहिलो ओभरसिज क्याम्पसको उद्घाटन समारोहको अध्यक्षता गर्नु भएको थियो। यो समारोहलाई भारत र संयुक्त अरब इमिरेट्सबीचको सम्बन्धमा कोसेढुङ्गा मानिएको छ। युएई सहिष्णुता र सहअस्तित्व मन्त्री शेख नाह्यान बिन मुबारक अल नाह्यान पनि समारोहमा सहभागी रहनु भएको थियो।

****** ० ******

## दिल्ली स्कूल

दिल्लीमा बढ्दो प्रदूषणको स्तरलाई ध्यानमा राख्दै, आजदेखि अर्को आदेशसम्म सबै प्राथमिक विद्यालयहरूमा अनलाइन कक्षाहरू सञ्चालन हुनेछन्। मुख्यमन्त्री आतिशीले सामाजिक सञ्जालमा पोस्ट गर्दै यस्तो जानकारी दिनु भएको हो। वायु गुणस्तर व्यवस्थापन आयोगले तेस्रो चरणको कार्ययोजना राष्ट्रिय राजधानी क्षेत्र दिल्लीमा आज बिहानदेखि लागू हुने घोषणा गरेपछि यो निर्णय गरिएको हो।

****** ० ******

## संगमा अधिनियम पूर्व नीति

मेघालयका मुख्यमन्त्री कोनराड के. संगमाले शिलोङबाट दक्षिण पूर्व एशियाली देशहरूमा उडानहरू दिल्लीबाट भन्दा कम समय लाग्ने, र यो क्षमता केन्द्रीय सरकारको 'एक्ट ईस्ट' नीति विस्तार गर्न प्रयोग गर्न सकिने बताउनुभयो। मुख्यमन्त्रीले शिलङमा छैटौं हेलिकप्टर तथा साना विमान शिखर सम्मेलनको उद्घाटन गर्नुभयो । मुख्यमन्त्री संगमाले शिलङदेखि ढाकाको उडान ३० मिनेटभन्दा कम, शिलङदेखि बैंककको दूरी १ घण्टा १५ मिनेट र दक्षिणपूर्वी एसियाका धेरै देशका केही राजधानी हाम्रो राष्ट्रिय

राजधानीभन्दा नजिक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, यदि हामीले सम्पूर्ण ACT पूर्व क्षेत्रलाई विस्तार गर्ने हो भने, हामीले यस सम्पूर्ण अभ्यासमा वास्तविक सम्भावना देख्छौं र यसको फाइदा उठाएर पर्यटन, चिकित्सा सहायता, व्यापार र अन्य प्रमुख सामाजिक-आर्थिक गतिविधिहरू विस्तार गर्न सकिन्छ|

****** ० ******

**भारत नाइजेरिया**

भारतले आज पश्चिम अफ्रिकी देश नाइजेरियालाई विनाशकारी बाढीको प्रभावसँग लड्न मद्दत गर्न 15 टन मानवीय सहायता पठाएको छ। नाइजेरियामा आएको विनाशकारी बाढीमा परी सयौंको मृत्यु भएको छ। एक सोशल मिडिया पोस्टमा, विदेश मन्त्रालय (MEA) ले बताए अनुसार भारतले विनाशकारी बाढीबाट प्रभावित मानिसहरूलाई सहयोग गर्न नाइजेरियालाई 15 टन सहायता पठाएको छ। आगामी दिनमा ६० टन थप सहयोग पठाइनेछ।

****** ० ******

**नेपाल मुक्त खोप**

नेपाल सरकारले किशोरकिशोरीलाई सर्वाइकल क्यान्सरबाट जोगाउन निःशुल्क खोप अभियान सञ्चालन गर्ने तयारी गरीरहेको छ।क्यान्सर दिवसको अवसरमा 5 फरवरीदेखि सुरु भएर राष्ट्रव्यापी खोप अभियान १५ दिनसम्म चल्ने छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार अभियानअन्तर्गत ७ देखि १४ वर्ष उमेर समूहका १६ लाख ९० हजार किशोरीलाई निःशुल्क खोप लगाइनेछ।

****** ० ******

**रात्रि श्रीलंका मतदान**

श्रीलंकामा हिज भएको संसदीय निर्वाचनमा राष्ट्रपति अनुरा कुमारा दिसानायकेको नेतृत्वको सत्तारुढ नेशनल पिपुल्स पावर पार्टीले ठूलो जित हासिल गर्नेतिर अग्रसर देखिन्छ। स्थानीय समय अनुसार राति ११ बजेसम्मको आंशिक नतिजा सार्वजनिक भएपछि एनपीपीले ७० प्रतिशत मत जितेको छ। प्रमुख विपक्षी समगी जन बालवेगया (SJB) र पूर्व राष्ट्रपति रनिल विक्रमासिङ्घेको समर्थनमा रहेको राष्ट्रिय प्रजातान्त्रिक मोर्चा (NDF) क्रमशः ११ र ५ प्रतिशत मतमा झरेको छ।

****** ० ******

**भारत-दक्षिण अफ्रिका T20 क्रिकेट**

क्रिकेटमा चौथो तथा अन्तिम टी–२० अन्तर्राष्ट्रिय खेल भारत र दक्षिण अफ्रिकाबीच आज जोहानेसबर्गको वान्डरर्स स्टेडियममा खेलिने छ। यो खेल भारतीय समय अनुसार राति ८:३० बजे सुरु हुनेछ। चार खेलको सिरिजमा भारत २–१ ले अगाडि छ।

****** ० ******